"धनकुटा नगर: स्वच्छ सुन्दर समुन्नत शहर"

# धनकुटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनकुटा

कोशी प्रदेश, नेपाल

प.सं. २०८०/८१

च.नं.

मिति: २०८१/०१/०९

## माटोको नमूना संकलन सम्बन्धी सूचना

धनकुटा नगरपालिकाको मकै बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत माटोको पि.एच., नाइट्रोजन, फस्फोरस र पोटासको अवस्थाका साथै माटोको बुनोट पत्ता लगाई उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न संचालन गरिने माटो परीक्षण शिविरका लागि माटोको नमूना संकलन गरी उक्त नमूनाभित्र आवश्यक विवरणहरु लेखी २ दिन भित्र (मिति २०८१ वैशाख ११ गते) माटोको नमूना सहित धनकुटा नगर कार्यपालिकाको कार्यालय (कृषि विकास उपशाखा), धनकुटामा आफ्नो नाम दर्ता गराउन हुन यो सूचना प्रकाशन गरिएको छ ।

थप जानकारीका लागि सम्पर्क नम्बरहरू:

९८४२१ १६२५४
९८४९३ ०४१०९
९८५२० ६१८८८
९८६२० ४५०६८
९८१४० ३०५८७

दशरथ राई

प्रमुख प्रशासकीय अधिकृत

**माटोको नमूना दर्ता गर्ने स्थान:-**

धनकुटा नगर कार्यपालिकाको कार्यालय (कृषि विकास उपशाखा), धनकुटा ।

# माटो संकलन गर्दा ध्यान दिनुपर्ने कुराहरू :

१. माटोको नमूना संकलन गर्दा सकेसम्म धेरै ठाउँबाट संकलन गर्नुपर्दछ ।

२. नमूना संकलन गर्दा आली, कान्ला आदिको नजिकबाट संकलन गर्नु हुँदैन ।

३. पानीको मुहान वा निकासको नजिकबाट पनि नमूना संकलन गर्नु हुदैन ।

४. नमूना संकलन गर्ने जमीनको माटोको रंग, वनावट आदि फरक फरक छ भने फरक फरक रंग वा बनोट भएको नमूना छुट्टाछुट्टै संकलन गर्नुपर्दछ ।

५. भर्खरै मात्र मलखाद प्रयोग गरेको ठाउँबाट पनि माटोको नमूना संकलन गर्नु हुँदैन ।

६. ठूलो वर्षा वा पानी परेको लगत्तै नमूना संकलन गर्नु हुदैन ।

७. मल थुपारेको ठाउँ वा गाईवस्तु बाँधेको ठाउँबाट नमूना संकलन गर्नु हुँदैन ।

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा

प्रमुख प्रशासकीय अधिकृत

Fax : 026-520586 Email : mundkt@gmail.com website: www.dhankutamun.gov.np

# माटोको नमूना संकलन गर्ने तरिका:

- माटोको नमूना संकलन गर्दा त्यस क्षेत्र (जग्गा) को पूर्ण प्रतिनिधित्व हुने गरी लिनुपर्दछ ।
- माटोको नमूना लिंदा नमूना लिने जग्गामा **"S"** वा **"M"** वा **"W "** आकार बनाई उक्त आकारभित्र चिनो लगाई चिनो लगाएको ठाउँहरुबाट नमूना लिनुपर्दछ ।
- माटोको नमूना लिनको लागि खाडल बनाउने ठाउँको माथिल्लो तहको २ इन्चजति बाक्लो माटोलाई कोदालो वा खुर्पीले खुर्केर हटाउने ।
- माटोको नमूना लिने खाडल अंग्रेजी (**V**) "भी" आकार बनाई जमीनको सतहबाट तलसम्म प्रतिनिधित्व हुने गरी खुर्पी वा कोदालो वा माटो झिक्ने स्वायल अगरको प्रयोग गरी माटोको नमूना लिनुपर्दछ ।
- १ रोपनी जग्गाबाट कम्तीमा ६-७ ठाउँको माटोको नमूना संकलन गर्नुपर्दछ ।
- **अन्नबाली, तरकारी बाली** को लागि माटोको नमूना लिंदा १५-२० से.मी. गहिराइसम्मको लिनुपर्दछ ।
- **फलफूल बालीहरु (आँप, लिची, सुन्तला, कागती, एभोकाडो आदि)** को लागि माटोको नमूना लिंदा ०-१५ से.मी.गहिराइसम्म **पहिलो तहको नमूना, १६-३०** से.मी.गहिराइसम्म **दोस्रो तहको नमूना**, ३१-६० से.मी.गहिराइसम्म **तेस्रो तहको नमूना** र ६१-९० से.मी.गहिराइसम्म **चौथो तहको नमूना** गरी जम्मा ४ तहको माटोको नमूना लिनुपर्दछ । यसरी लिइएको प्रत्येक तहको माटोको नमूनाहरुलाई छुट्टाछुट्टै थैलोमा राख्नुपर्दछ । जसले गर्दा प्रत्येक तहको माटोको नमूनाहरुको परीक्षण छुट्टाछुट्टै गर्नुपर्दछ ।
- नमूना संकलन गरेपछि छहारीमा वा घाम नपर्ने ठाउँमा सुकाई ओभानो हुन दिनुपर्दछ र ढुङ्गा, झारपात हटाउनु पर्दछ ।
- राम्रोसँग सुकेपछि माटो धुलो पारी मिसाउनु पर्दछ र आधा किलो जति माटो प्लाष्टिक वा कपडाको थैलामा राख्नु पर्दछ ।
- प्लाष्टिक/कपडाको थैलामा तयार पारिएको माटोको नमूनाभित्र तपसिल अनुसारको विवरणहरु लेखेर राख्नु पर्दछ ।

<u>तपसिल</u>


१. कृषकको नाम :
२. ठेगाना :
३. खेतबारीको किसिम : खेत वा पाखो
४. क्षेत्रफल ( रोपनी ) :
५. कित्ता नं. :
६. पहिलो बाली लगाएको बालीको नाम : र उत्पादन (के.जी.) :
७. हालको बालीको नाम :
८. पछि लगाउने बालीको नाम :
९. कृषि चुन प्रयोग गरेको भए कहिले : र कति (के.जी ) :
१०. प्राङ्गारिक मलको प्रयोग कति (के.जी./डोका) :
११. रासायनिक मलको प्रयोग कति (के.जी.) :
१२. पानीको निकास राम्रो/नराम्रो :
१३ संचाई सुविधा भए नभएको :
१४. खास के समस्याले माटो जाँच गर्नु परेको हो सो प्रष्ट विवरण :
१५. नमूना लिएको मिति :
१६. कृषकको सम्पर्क मोबाइल नं.:

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा २०७३


प्रमुख प्रशासकीय अधिकृत

Fax : 026-520586 Email : mundkt@gmail.com website: www.dhankutamun.gov.np

# अन्नबाली तथा तरकारी बालीका लागि नमूना संकलन गर्ने तरीका




# फलफूलबाट बिरुवा लगाउनका लागि नमूना संकलन गर्ने तरीका




धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत